# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन: ०११-४९१२११२, ०११-४९१२११३, ०११-४९१२११४


प.सं. ०७७/७८

च.नं. १८१५

मितिः २०७८/०१/३०

**विषयः नगरपालिकाको अपिल।**

कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्ने कार्यका लागि नगरपालिका अहोरात्र क्रियाशील रहेको व्यहोरा विदितै छ। यसै सन्दर्भमा यस नगरपालिकालाई दोष देखाइ सामाजिक सञ्जाल लगायतका मिडियाहरुमा नगरपालिकाले केहि गरेन र स्वाब संकलन निःशुल्क रुपमा गर्नका लागि सिफारिस दिएन भनी भ्रमपूर्ण एवं अनर्गल प्रचार प्रसार गरिएको विषयप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। स्वाब संकलन गर्ने कार्य कुनै खेलाची होइन, यो मानव स्वास्थ्यसँग जोडिएको विषय हो। बिनाकुनै पूर्वाधार, ल्याब सञ्चालन नै नभएका, ल्याब सञ्चालनको स्वीकृति, अनुमती नै नलिएका, ल्याब  टेक्निसियन बेगर नै आम मानव स्वास्थ्य माथि खेलबाड हुने गरी प्रशुती केन्द्र जस्तो संवेदनशील स्थानमा सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य जोखिमलाई समेत ध्यान नदिई क्षणिक लोकप्रियताका लागि कोरोना संक्रमण परिक्षणका लागि स्वाब संकलन गर्न खोज्नु अझ घातक हुने कुरा सबैमा जानकारी गराउँदछौं। कुनै पनि व्यक्ति तथा संघ-संस्थाले यस किसिमको सेवा दिन निश्चित मापदण्ड पूरा गरेको हुनुपर्छ। नगरपालिकाले सम्पूर्ण स्वास्थ्य मापदण्ड पूरा गरेर नियमित रुपमा प्रत्येक दिन १२ वटै वडाका सरदर २५ देखि ३० जना शंकास्पद संक्रमित व्यक्ति, लक्षण देखिएका र संक्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाब संकलनको व्यवस्था गरी निरन्तर निःशुल्क परिक्षण साथै स्वाब परिक्षणका लागि आउन जान समेत ३ वटा एम्बुलेन्स मार्फत निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइरहेकै छ। नागरिकको स्वास्थ्य सुरक्षा प्रति नगरपालिका गम्भिर छ र नगरपालिकाले २०७६ साल चैत्रदेखि नै क्वारेन्टाइन र आइसोलेसन नियमित रुपमा संचालन गर्दै आएको छ। क्वारेन्टाइन र आइसोलेसन स्थापना देखि नै विदेशबाट तथा संक्रमित क्षेत्रबाट फर्केका व्यक्तिहरुलाई यातायातको व्यवस्था गरेर नगरपालिकाले निरन्तर रुपमा संचालित क्वारेन्टाइन र आइसोलेसनमा हाल सम्म १९४ जना क्वारेन्टाइन र १४ जना आइसोलेसन राखिएको साथै ८६८ जनाको स्वाब संकलन तथा परिक्षण गरिसकेको छ। हाल समेत नगरपालिकाले महादेव प्रा.वि., डुम्रीडाँडा र डेडीथुम्का क्याम्पसको छात्राबास गरी २ स्थानमा अक्सिजन सहितको ५० शैयाको आइसोलेसन संचालन गरिरहेको र २५ शैया थप गरेर ७५ शैया बनाउने गरी काम गरिरहेको छ। यस गम्भिर अवस्थामा नगरपालिका क्षेत्र बाहिर रहि वास्तविक वस्तुस्थिति नबुझी अनर्गल प्रचारप्रसार गरिनु निन्दनीय कार्य हो। राज्यका सबै अंगहरु विधि, प्रक्रिया र कानुन सम्मत ढंगले मात्र चल्ने व्यहोरा सबैमा जानकारी गराँउदछौं। यस किसिमका भ्रमपूर्ण समाचार सम्प्रेषण नगर्न नगराउन र मानव स्वास्थ्य जस्तो संवेदनशील क्षेत्र प्रति जिम्मेवार भई अनावश्यक राजनीति नगर्न समेत सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउँदै यस किसिमका भ्रमपूर्ण समाचारका पछि नलाग्न सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने नगरबासी दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक अपिल गर्दछौं। परिक्षणको दायरालाई अझ विस्तार गरी नगरपालिकाको केन्द्रबाट टाढा रहेका क्षेत्रहरु लक्षित गरी वडा नं. २ को बालुवापाटी र वडा नं. १० र १२ को सिमाना क्षेत्रमा उपयुक्त स्थान छनौट गरी स्वाब संकलन घुम्ती सेवा संचालन गर्ने तयारी गरिएको व्यहोरा समेत जानकारी गराँउदै नागरिकहरुको स्वास्थ्य सुरक्षामा नगरपालिकाको सदैव साथ रहने व्यहोरा समेत अनुरोध गर्दछौं।

..................

(डिल्ली प्रसाद आचार्य)

नगर प्रवक्ता